# प्रेमको शक्ति

**Pastor S. James**

**December 15th, 2022**

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु तपाइ को बचन बाट हामी तपाइ को स्वभाब , तपाइ को गुण थाहाँ पाउन सक्छौं । त्यसकारण ले प्रभु तपाइ ले हामीलाइ तपाइ को बचन बाट सिकाउनु होस् । समझ को आखाँ खोलिदिनुस् । प्रभु तपाइ ले तपाइ को बचन मा बोलेको कुराहरु स्वीकार गर्न को लागी हामी लाइ अनुग्रह गर्नुहोस् । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

परमेश्वर को राज्य मा चाहिने मुख्य तिन चिज बिश्वास,आशा र प्रेम हुन् । यसमा सबै भन्दा श्रेष्ट प्रेम हो । र प्रेम द्वारा गर्ने बिश्वास बहुमुल्य हुन्छ । हाम्रो आशा असल हुनको लागी हाम्रो बिश्वास को जाचँ हुनु पर्छ । जब हामी परमेश्वर मा अगाडि बढ्दा खेरी हाम्रो जीवन मा दुइ वटा आशा देख्न सक्छौ । एउटा आशा उद्धार को आशा र अर्को उद्धार पाए पछि महिमा को आशा ।

१ पत्रुस १:३ [3] परमेश्वर जो हाम्रा प्रभु येशू ख्रीष्टका पिता हुन उहाँको प्रशंसा होस्। परमेश्वरमा सीमाविहिन कृपा छ र उनको कृपाको कारणले हामीलाई नयाँ जीवन दिइएको छ। यो नयाँ जीवनले मृत्युदेखि येशू ख्रीष्टको पुनरुत्थानद्वारा हामीप्रति सजीव आशा ल्याउँछ।

एउटा जीवित आशा छ । त्यो जीवित आशा हामीलाइ येशु को प्रेम को बारेमा सुन्यौ , उहाँ मा बिश्वास गर्‍यौ र पस्चाताप गर्‍यौ। एक दिन मृत्यु हुदा मेरो पुनरउत्थान हुन्छ । यो हो हाम्रो जीवित आशा ।

१ थिस्लोनिकी ५:८ 8 तर हामी दिनसंग सम्वन्धित छौं, यसकारण हामी आफैले आफूलाई नियंत्रित राख्नु पर्छ। हामीले आफ्नो रक्षा गर्न कवच जस्तो प्रेम र विश्वास पहिरिनु पर्छ मुक्तिको आशा हाम्रो शिर-रक्षक हुनुपर्छ।
मुक्ति को आशा हो पहिलो आशा ।

कलस्सी १:१७ [27] त्यो धनी र महिमामयी सत्य आफ्ना मानिसले जानुन् भन्ने निश्चय परमेश्वरले गर्नुभयो। त्यो महान सत्य सबै जातिहरूको लागि हो। अनि उहाँ सत्य हुनुहुन्छ ख्रीष्ट स्वयं, जो तिमीहरू सबैमा हुनुहुन्छ। परमेश्वरको महिमामा भागीदारी हुनु उहाँ हाम्रो एक आशा हुनुहुन्छ।

दोस्रो आशा परमेश्वर को महिमामा भागीदार हुने आशा । यो दुबै आशा येशु संग जोडिएको छ ।

एफिसी १:१२-१४ [12] ख्रीष्टमा आशा राख्ने हामी पहिलो जन हौं। अनि हामी छानिएका हौं ताकि उहाँको महिमामा हामीले प्रशंसा ल्याउन सकौं।
[13] तिमीहरू पनि त्यस्तै हौ। तिमीहरूले आफ्नो मुक्तिको बारेमा साँचो शिक्षा-सुसमाचार सुनिहाल्यौ। सुसमाचार सुनेपछि तिमीहरूले ख्रीष्टमा विश्वास गर्‍यौ। अनि परमेश्वरले आफ्नो विशेष छाप तिमीहरूमा लगाउनु भयो र तिमीहरूलाई पवित्र आत्मा दिनुभयो जुन उहाँले प्रतिज्ञा गर्नुभएको थियो।
[14] पवित्र आत्मा चाँहि परमेश्वरले आफ्ना मानिसहरूलाई प्रतिज्ञा गरेका कुराहरू पाउँछौ नै भन्ने एउटा जमानत हो । यसले परमेश्वरमा हुनेहरुलाई पूर्ण स्वतंत्रता दिनेछ। यी सबको उद्देश्य हो परमेश्वरको महिमाको प्रशंसा ल्याउनु।

हाम्रो उद्धार को आशा यो हो कि पवित्र आत्मा अर्थात येशु को आत्मा हामीहरुमा आउनुहुन्छ । जब पवित्र आत्मा हामीमा आउनुहुन्छ तब हामीलाइ उहाँको आत्मा ले हाम्रो जीवनमा शिक्षा दिन सुरु गर्नुहुन्छ । शिक्षा दिनेहरु जति सुकै जान्ने आत्मा ले भरिएको भए पनि हाम्रो भित्र पवित्र आत्मा को काम छैन भने हामी ले केहि पनि बुझ्न सक्दैनौ । र हाम्रो जीवनमा महिमा को आशा हुदैन । त्यसकारण ले गर्दा हाम्रो असल शिक्षक हाम्रो भित्रै हुनुपर्छ । हाम्रो महिमा को आशा हामीमा हुन को लागी येशु हाम्रो भित्र बढ्नु पर्छ । हाम्रो उद्धार को आशा हाम्रो काम को माथि होइन । हाम्रो उद्धार को आशा पवित्र आत्मा ले हाम्रो भित्र आएर हामीलाइ येशु मशिह को बारेमा हाम्रो हृदयमा हामीलाइ सिकाउनु हुन्छ । हामी ले महिमा को आशा हाम्रो मन ले हाम्रो बुद्धि र क्षमता ले र अति नै राम्रो शिक्षक ले गर्दा आउन सक्दैन । हाम्रो भित्र येशु बढ्न को लागी पवित्र आत्मा हाम्रो भित्र रहेर सिकाए पछि मात्र सम्भब हुन्छ । त्यस पछि मात्र हामी येशु को धार्मिकतामा अगाडि अगाडि बढ्न सक्छौ । येशु कति हामीमा बढ्नु हुन्छ , त्यति महिमा को आशा हाम्रो जीवनमा बढ्छ । यो हो महिमा को आशा । हाम्रो येशु नै हो हाम्रो महिमा को आशा । येशु ले साढे तिन शाल सम्म आफ्ना चेलाहरुलाइ शिक्षा दिनुभयो र पनि उनीहरु ले केहि बुझेनन् ।किनभने उनीहरु को भित्र पवित्र आत्मा हुनुहुन्थेन । उद्धार को पछि उनीहरुको भित्र परमेश्वर को आत्मा आउनुभयो त्यस पछि मात्र उनीहरु को जीवनमा समझ को आत्मा आयो र त्यस पछि उनीहरु ले बुझे कि यति का शाल हामीलाइ येशु ले सिकाउनु भएको कुरा त सबै येशु को बारेमा थियो । कति चोटि हामी परमेश्वर को बचन मा हाम्रो बारेमा लेखेको छ भनेर हामीलाइ बचन मा खोज्छौ । तर बचनमा हाम्रो बारेमा होइन परमेश्वर को बारेमा लेखेको छ । त्यो बुझ्न लाइ हामीलाइ पवित्र आत्मा ले मात्र अगुवाइ गर्न सक्नुहुन्छ । उद्धार को एउटा आशा छ । बप्तिष्मा को माथि होइन उद्धार त्यो बाहारी चिन्ह मात्र हो । मेरो पस्चाताप को माथि होइन मेरो उद्धार त्यो पनि एउटा बाहारी चिन्ह मात्र हो । येशुलाइ आफ्नो उद्धार कर्ता को रुपमा मान्न को लागी ,साचो पस्चाताप को लागी र साचो बप्तिष्मा को लागी पवित्र आत्मा हाम्रो भित्र हुनु जरुरी छ । पवित्र आत्मा बिना हामी परमेश्वर लाइ बिश्वास गर्न सक्दैनो ।

१ थिस्लोनिकी ५:२३[23]शान्तिको स्रोत परमेश्वर स्वयंले तिमीहरू उहाँमा हुनेहरूलाई पवित्र पारून भन्ने हाम्रो प्रार्थना छ। हाम्रो प्रार्थना छ कि तिमीहरूका सम्पूर्ण आत्मा , प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्ट आँउदा पूर्णरूपले दोषरहित बनाइ राख।

पबित्र आत्मा को काम हाम्रो जीवन मा हाम्रो आत्मा , प्राण , र शरीर लाइ पबित्र पारेर निष्कलङ पार्ने हो ताकी जब येशु हामी लाइ लिन आउदा होइनभने हाम्रो शरीर को मृत्यु पछि न्याय को अगाडि उभिदा खेरी हामी दोषरहित हुन सकौ । हामी येशु का दुलही हौ । येशु जब उहाँ को दुलही लिन आउनुहुनेछ उहाँ चाहनुहुन्छ कि उहाँ को दुलही पबित्र र एउटा पनि खोट नभएको दाग रहित निष्कलङ होस् । त्यसको लागी पबित्र आत्मा ले हामी परमेश्वर को बचन बाट , बचन को शिक्षक हरु द्वारा र साथै प्रार्थना द्वारा , आराधना द्वारा बिभिन्न किसिम ले हामीलाइ पबित्र पार्नु हुन्छ , अर्थात तयारी गर्नु हुन्छ ।

एफिसी ४:११-१३ [11]अनि ख्रीष्ट हुनुहुन्छ जसले मानिसहरूलाई वरदानहरू दिनुभयो जब उहाँले दिनुहुँदै कसैलाई प्रेरितहरु, कसैलाई अगमवक्ताहरु,कसैलाई प्रचारकहरु, कसैलाई मण्डली को गोठाला र कसैलाई शिक्षक बनाउनुभयो।
[12]ख्रीष्ट-परिवारलाई मजबूत बनाउनु भनी परमेश्वरका मानिसहरूलाई आफ्नो सेवामा तयार पार्नु ख्रीष्टले ती वरदानहरू दिनुभयो। यसले गर्दा ख्रीष्टको शरीर ताकि ख्रीष्टको शरीर बलियो बनियोस्।
[13]हामी सबै एउटै विश्वासमा नबाँधिउञ्जेल, परमेश्वरको पुत्रलाई पूर्णरूपले नचिनुञ्जेल, हामी परिपक्क मानिस नबनिउञ्जेल, हामी ख्रीष्ट जस्तै उन्नत नहुञ्जेल र उहाँको पूर्णता प्राप्त नगरूञ्जेल यो काम गरि नै रहनुपर्छ।

परमेश्वर हामीमा पबित्र निष्कलङ को साथ  साथै येशु जस्तै पुर्णतामा र परिपक्वतामा नपुकुन्जेल पबित्र आत्मा हामी मा काम गरीनैरहनुहुन्छ । जब हामी परिपक्वतामा पुगे पछि हाम्रो जीवनमा महिमा को आशा बढ्छ । त्यस कारण ले पावल ले भन्छन् मेरो आशा छ कि एक दिन मैले धार्मिकता को मुकुट पाउछु । यो हो मण्डलि को भित्र को शिक्षा । हाम्रो जविनमा मुक्ति को टोप सधै नै हाम्रो शिर मा हुन जरुरी छ । उद्धार को टोपि पहिरिए पछि हाम्रो प्राण , आत्मा र शरीर लाइ पबित्र बनाएर येशु को पुर्णता मा अगाडि बढ्नु पर्छ । पहिला विस्वास र बिश्वास पनि प्रेम मा गर्नु पर्छ । परमेश्वर ले हर कुरा प्रेम मा गर्नु भयो । परमेश्वर पबित्र हुनुहुन्छ । परमेश्वर धार्मिक हुनुहुन्छ । र उहाँ सत्य हुनुहुन्छ । परमेश्वर प्रेमी नभएको भए शृष्टि हुदैन थियो , उहाँ प्रेमी नभएको भए उद्धार हाम्रो जीवनमा आउदैनथ्यो । त्यसकारण ले परमेश्वर ले हामी मा पनि प्रेम हेर्नुहुन्छ । परमेश्वर हामीलाइ प्रेम गर्नुहुन्छ त्यो प्रेम नै मेरो उद्धार को सुरक्षा हो । उद्धार को आशा को लागी परमेश्वर ले मलाइ प्रेम गर्नुहुन्छ । तर महिमा को आशा को लागी म कति परमेश्वरलाइ प्रेम गर्छु । यो हो प्रस्न ? परमेश्वर ले त हामी लाइ प्रेम गरेको कारण हामीले सित्तै मा उद्धार पाएका छौ । अब महिमा को आशा को लागी हामी ले परमेश्वर लाइ प्रेम गर्न जरुरी छ त्यसको लागी सबै भन्दा पहिला परमेश्वरलाइ हाम्रो समय दिनुपर्छ । समय पहिलो प्रेम को चिन्ह हो । दोस्रो हामी हाम्रो परमेश्वर को आराधना गर्नु पर्छ । मानिसहरु १२ घण्टा काम गर्छन् । पहिला को येशु को समयमा त मानिस हरु उज्यालो हुदा हुदै काम को लागी जान्थे । मानिसहरु काम गर्न जानु अगाडी येशु को पास आउथे चँगाइ र छुटकारा को लागी जसले गर्दा येशु उज्यालो हुनु अगाडि परमेश्वर संग प्रार्थनामा समय बिताउनु हुन्थ्यो । परमेश्वरमा हामी नयाँ शृष्टि हुदा खेरी काम कम हुदैन काम बढ्छ । जब येशु ले उखान भन्दा मालिक ले नोकर लाइ भन्छ स्याबास मेरो असल नोकर त थोरै कुरामा इमान्दार भइस् । अब म तलाइ १० शहर को माथि अधिकार दिनेछु । उसको काम त घटेन झन् बढ्यो । यदि हामी यस संसारमा काम गर्न सक्दैनौ भने श्वर्गमा हामी कसरी काम गर्न सक्छौ । येशु ले भन्नुभयो मेरो बाबा र म पहिलै देखि काम गर्दैछौ र आज सम्म पनि काम गरीनै रहेका छौ । हामीले काम को आराधना गर्नु हुदैन तर परमेश्वर को आरधना पछि काम गर्नु पर्छ । येशु ले पनि बिहान हुनु भन्दा अगाडि परमेश्वर संग समय बिताउनु हुन्थ्यो र त्यसपछि चँगाइ र छुटकारा दिने र परमेश्वर को राज्य को बारेमा शिक्षा दिने काम गर्नु हुन्थ्यो । हामीले आफुले आफुलाइ प्रस्न सोधौ कि के म परमेश्वरलाइ प्रेम गर्छु ? परमेश्वरलाइ प्रेम गर्छौ भने पहिला हामी परमेश्वरलाइ समय दिन्छौ दोस्रोमा परमेश्वर को आराधना गर्छौ । र तेस्रोमा

युहन्ना १४:१५ [15]"यदि तिमीहरूले मलाई प्रेम गर्यौ भने, तब तिमीहरूले मेरो आज्ञा पालन गर्नेछौ।

यदि हामी परमेश्वर लाइ प्रेम गर्छौ भने हामी आज्ञाकारी हुन्छौ ।

[21]यदि कसैले मेरो आज्ञाहरू ग्रहण गर्छ र यसलाई पालन गर्दछ, त्यस मानिसले मलाई प्रेम गर्दछ। अनि मेरा पिताले तिनलाई प्रेम गर्दछन्। जसले मलाई प्रेम गर्दछ। अनि म त्यस मानिसलाई प्रेम गर्छु। म उमाथि प्रकट हुनेछु।"

जसले मेरो आज्ञाहरु पालन गर्छ परमेश्वर उस माथि प्रकट हुनुहुन्छ । उदाहरण को लागी एउटा मान्छे को पाच नानीहरु छ भने बाबा ले सबै नानीहरुलाइ प्रेम गर्छ । तर त्यस मध्ये कुन चाहि नानीले उसलाइ बढि प्रेम गर्छ भन्ने कुरा त्यस बाबालाइ जसले उसको आज्ञा पालन गर्छ । त्यसैले बडि प्रेम गर्छ भनेर थाहाँ हुन्छ । त्यस संन्तान को आज्ञाकारीता को कारण ले उसको बाबा लाइ थाहा हुन्छ कि कसले बाबालाइ प्रेम गर्छ ।

[23]येशूले भन्नुभयो, "यदि कसैले मलाई प्रेम गर्छ भने, उसले मेरो शिक्षा पालन गर्दछ। अनि मेरो पिताले पनि तिनलाई प्रेम गर्नुहुन्छ। म र मेरा पिता तिनीकहाँ आउनेछौं र तिनीसंगै बस्नेछौं।

परमेश्वर ले यो भन्नुभएन जसलाइ म प्रेम गर्छु । परमेश्वरले यो भन्नुभयो कि जसले उहाँलाइ प्रेम गर्छन् तिनीहरु ले परमेश्वर को आज्ञा पालन गर्दछन् ।

१यूहन्ना २:५ [५]तर एक व्यक्तिले परमेश्वरको शिक्षा पालन गर्छ तब त्यस व्यक्तिमा परमेश्वरको प्रेमको लक्ष्य रहेको हुन्छ। यसरी नै हामी जान्न सक्छौ कि हामी परमेश्वरको अनुसरण गरिरहेछौ।

परमेश्वर को प्रेम को शिद्धतामा पुग्न को लागी परमेश्वर को आज्ञा पालन गर्नु पर्छ । येशु ले भन्नु भयो जो संग मेरा आज्ञाहरु छन् । त्यो ब्यक्ति परमेश्वर को प्रेम ले सुरक्षीत हुन्छ ।

१ यूहन्ना ५:३ [३]परमेश्वरलाई प्रेम गर्नुको अर्थ उनको आदेशहरु पालन गर्नु हो। अनि परमेश्वरका आदेशहरु हाम्रा निम्ति त्यति कठिन हुँदैन।

परमेश्वर को आज्ञा पालन गर्न त गाह्रो छ । तर प्रेममा गर्‍यो भने भारपुर्ण छैन । याकुब ले राहेल को लागी १४ शाल पर्खेर काम गरे र पनि याकुब को लागी थोरै लाग्यो किनकी याकुब ले राहेल लाइ अतिनै प्रेम गर्थे । त्यसकारण ले यदि हामी परमेश्वरलाइ प्रेम गर्छौ भने बिहानै उठ्नु ठुलो कुरा होइन । उहाँ को लागी काम गर्न भार हुदैन । किनकी प्रेम ले सबै सजीलो बनाउछ । बिश्वास को कारण ले होइन । बिश्वास मा एउटा आशा हुन्छ । तर प्रेम ले काम गर्छ यदि त्यहाँ आशा नै छैन भने पनि । उदारहण को लागी एउटा आमा बाबा को छोरा लङगडो छ भने त्यहा कुनै बिश्वास र आशाँ हुदैन कि त्यो छोरा ले केहि गर्छ भनेर र पनि त्यो बाबा आमा ले त्यस संन्तान लाइ प्रेम गरेको कारण काम गर्न लाइ उनीहरु सधै नै तयार हुन्छन् । त्यस छोरालाइ बोकेर बोकेर त्यसलाइ खानाँ खुवाउने देखि लिएर र पैसा खर्च गर्ने सम्म सबै सक्दो गर्छन् । त्यसैले प्रेम को अन्त छैन । परमेश्वर ले भन्नुभयो जो संग मेरा आज्ञाहरु छन् । तिनीहरु ले मलाइ प्रेम गर्छन् । धेरै मान्छेहरु ले जुन काम उनीहरुलाइ मन पर्छ त्यहि काम गर्ने गर्छन् । तिनीहरु आज्ञाकारी होइनन् । धेरै खाना को आइटम बनाएर राखिदिएको छ अब हामीलाइ के के मन पर्छ रोजेर खान सक्छौ र त्यहाँ आफुलाइ मन पर्ने खाना रोजेर खादाँ हामी आज्ञाकारी हुन्छौ । तर परमेश्वर को राज्यमा त्यसरी चुन्न सक्दैनौ । मलाइ के मन पर्छ त्यो होइन परमेश्वर लाइ के मन पर्छ त्यो हो आज्ञाकारी को सत्यता । परमेश्वर लाइ के मन पर्छ त्यो थाहाँ हुन को लागी पत्रुस भन्छन् परमेश्वर को ज्ञान मा बढ्नु पर्छ । हामी अलग अलग देश बाट एउटै राज्यमा प्रवेश गरेका हौ त्यसकारण ले हामी संसार को संस्कृतिमा नजाऔ र हामी बाइबल को सस्कृतिमा जानु पर्छ । रिबेका ले भोलि इसहाक को घरमा जान्छु भनेर भने पछि । खास बदल्ने इसहाक होइन रिबेका हो बदल्ने । जब रिबेका इसहाक को घरमा गए पछि रिबेका को तरीका ले काम हुदैन इसहाक को परिवार को तरीका ले हुन्छ काम त्यसै गरी येशु होइन बदल्ने मण्डली बदल्नु पर्छ । मण्डली भनेको एउटा परिवार जस्तै हो त्यसैगरी येशु को मण्डली संग को नाता भनेको एउटा पति र पत्नि को जस्तै हो । हर स्त्री को बिवाहमा धेरै नै बदल्ने र त्याग गर्ने स्त्री हो त्यसै गरी परमेश्वर को राज्यमा पनि येशु को दुलही मण्डली भएको कारण मण्डली येशु को लागी त्याग गर्नु पर्छ । पावल ले जब येशु ले दर्शन दिदा नै घुडा टेकेर भने प्रभु तपाइ म बाट के चाहनुहन्छ ? येशु शिद्ध हुनुहुन्छ त्यसकारण ले गर्दा उहाँलाइ हेरेर हामी पनि बदल्नु पर्छ ।

हिब्रू १:८-९ [८]तर आफ्ना पुत्रको बारेमा परमेश्वरले भन्नुभयो"हे परमेश्वर, तपाईंको सिंहासन सदा सर्वदा रहिरहने छ न्यायपूर्वक तपाईंले आफ्नो राज्य चलाउनु हुनेछ।
[९]तपाईंले धार्मिकतालाई प्रेम गर्नुहुन्छ अनि दुष्टलाई घृणा गर्नुहुन्छ, त्यसैले हे परमेश्वर, तपाईंका परमेश्वरले तपाईंलाई तपाईंको साथीहरूलाई दिएको भन्दा महान आनन्द दिनु भएको छ।"

परमेश्वर ले धार्मिकतालाइ प्रेम गर्नु हुन्छ । त्यसैले मैले पनि धार्मिकतालाइ प्रेम गर्नु पर्छ । किनभने मेरो भबिष्य को पति लाइ धार्मिकता मन पर्छ । हामीले धर्म गरेको ले धर्मि भएको होइन। हाम्रो पुरा केन्द्र बिन्दु येशु हुनुहुन्छ । येशु पबित्र हुनुहुन्छ र उहाँलाइ धार्मिकता मन पर्छ । त्यसकारण ले हामी पनि पबित्र हुनुपर्छ र धार्मिकता को बाटोमा चल्नु पर्छ ।

भजनसंग्रह ३३:५ [५]परमेश्वर स्वच्छ हुनु मन पराउनु हुन्छ अनि राम्रो काम गर्नु हुन्छ। परमेश्वरको साँचो प्रेमले पृथ्वी भरिन्छ।

के जे बि बाइबलमा लेखेको छ परमेश्वर ले धार्मिकता र न्यायलाइ प्रेम गर्नुहुन्छ । संसारमा एउटा केटा र केटि जब प्रेम गर्छन् भने एक अर्का को लागी आफुलाइ बदल्छन् । एक अर्कालाइ मन पर्ने कुरा गर्छन् । मन नपर्ने कुरा गर्दैनन् । जब याकुब ले राहेल लाइ प्रेम गरे उ पुरा रुपमा राहेल को लागी बदल्न तयार भयो । पावल ले परमेश्वर लाइ प्रेम गर्‍यो । पावल ब्यबस्थामा पण्डित हो । र ब्यबस्थामा निर्दोष हो र पनि पावल ले येशुलाइ प्रेम गरेको कारण ब्यबस्था नै छाडिदियो पत्रुसलाइ पनि ब्यबस्था छोड्न गाह्रो पर्‍यो किनभने पत्रुस ले पावल को जस्तो येशुलाइ प्रेम गर्न सकेका थिएनन् । त्यसैगरी यदि हामी पनि हाम्रो परमेश्वरलाइ प्रेम गर्छौ भने हाम्रो परमेश्वरलाइ के मन पर्दैन त्यो हामी ले गर्नु हुदैन । र के मन पर्छ त्यो हामी ले गर्नु पर्छ । सबै भन्दा पहिला अरुहरु मा होइन म मा धार्मिकता र न्याय मन पर्न पर्छ अनि मात्र अरुहरुमा । याक'ब ले भन्छन् स'न्नमा छिटो रिसाउनमा धिमे ह'न'पर्छ । किनभने रिसलाइ अन'साशणमा नराख्ने मान्छे धार्मीकता को बाटोमा चल्न सक्दैन । परमेश्वर धार्मीकतालाइ प्रेम गर्नँह'न्छ । म मेरो परमेश्वरलाइ प्रेम गर्छ भने म आफ्नो रिसलाइ अन'शाषणमा राख्छ' । प'रानो नियम भनेको ब्यबस्था र नयाँ नियम भनेको प्रेम हो । प्रेम कहिलै असफल ह'दैन । बिश्वास प्रेम द्वारा काम गर्छ । परमेश्वर ले मानिस जातिलाइ आफ्नै स्वरुपमा बनाउन' भयो । जसले गर्दा उहाँ ले मानिस जातिलाइ अत्यन्तै प्रेम गर्नँ भयो र एउटा आज्ञा दिन' भयो यो क'रा सैतान लाइ थाहाँ थियो कि परमेश्वर ले मानिस लाइ प्रेम गर्नँ ह'न्छ र साथै परमेश्वर धार्मिक ह'न'ह'न्छ । यदि मान्छे ले परमेश्वर को आज्ञा तोडे भने परमेश्वर धार्मीक भएको कारण ले उहाँ ले दण्ड दिन' पर्छ दण्ड दिएपछि परमेश्वर मान्छे को अगाडी प्रेमि रहन'ह'न्न यदि दण्ड दिन'भएन भने धर्मि रहन'ह'न्न यो क'रा सैतानलाइ थाहाँ थियो । त्यसैले परमेश्वर को बिरुद्धमा सैतान ले हब्बालाइ फसाउने काम गर्‍यो ।

२ कोरिन्थी ५:२१ [21]ख्रीष्टमा पाप थिएन। तर परमेश्वरले उहाँलाई पापी बनाउनु भयो। परमेश्वरले यो हाम्रो लागि गर्नुभयो ताकि हामीहरू ख्रीष्टमा परमेश्वरसित धार्मिक रहन सकौं

सैतान ले परमेश्वर को बिरुद्ध मा मानिस जातिलाइ पाप गर्न लगायो र परमेश्वर ले मानिस जातिलाइ दण्ड दिनु भएको कारण मान्छे को नजर मा परमेश्वर टाढा भएको र परमेश्वर को मान्छे प्रति को प्रेम गएको मान्छेले अनुभब गरे तर हाम्रो परमेश्वर प्रेम र धार्मिक दुबै नै भएको कारण मान्छे ले गरेको पाप को कारण पाप नै नचिन्ने अर्थात पाप नै नगरेको येशु लाइ हाम्रो सबै पाप बोकाएर हाम्रो पाप को दण्ड येशुलाइ दिएर हामीलाइ धार्मिक बनाएर उहाँ दुबै धर्मि र प्रेमी बन्नुभयो । हामी ले जब क्रुशलाइ हेर्छौ भने हामी ले परमेश्वर धार्मिक हुनुहुन्छ बुझ्छौ । मान्छे को पाप को न्याय गर्नु भयो क्रुश को मृत्यु दिएर र साथै उहाँ प्रेम हुनुहुन्छ भनेर साबित गर्नुभयो हाम्रो बदलामा आफ्नै पुत्र को बलि चढाएर । यो हो परमेश्वर को धार्मिकता र प्रेम । परमेश्वर ले गर्नै हर कुराको उदेष्य यो हो कि उहाँ प्रेम हुनुहुन्छ ,र उहाँ न्यायी हुनुहुन्छ , उहाँ स्वतन्त्रता र साथ साथै उहाँ सत्य पनि हुनुहुन्छ । जब हामी अदालत मा जान्छौ भने त्यहाँ बाहिर एउटा मुर्ति देख्छौ जसको आखाँमा पट्टि बाधेको हुन्छ जसको अर्थ हो कानुन खाली सत्य हेर्छ । जब अदालतमा केस जित्यो भन्नु को मतलब उ त्यो आरोप बाट होस् या कुनै पनि समस्या होस् त्यस बाट स्वतन्त्र पायो । स्वतन्त्र पाएको मान्छे परिसानीमा आए को मान्छे शान्तिमा घर जान्छ । यस्तै हुन्छ परमेश्वर को राज्यमा पनि यो सबै प्रेम को कारण ले हुन्छ । संसार को प्रेम को समस्या भनेको त्यसमा सत्य छैन । जाहाँ सत्य छैन त्यहाँ प्रेम , शान्ति , न्याय , धार्मिकता र स्वतन्त्रता हुदैन । हाम्रो जीवन को समस्या भनेको हाम्रो प्रेम मा सत्य जोडेको छैन । परमेश्वर भन्नुहुन्छ यदि तिमी मलाइ प्रेम गर्छौ भने तिमीलाइ धार्मिकता मन पर्छ तर धार्मिकता सत्य बाट मात्र आउछ । प्रेम सत्य संग जोड्नु पर्छ । पाइलट ले येशु लाइ प्रस्न साधे सत्य के हो ? येशु ले भन्नुभयो जो सत्यमा छ त्यसले मेरो आवाज सुन्छ । येशु यस संसारमा आएर पस्चाताप गर् परमेश्वर को राज्य नजीक आएको छ भन्नुभयो । पस्चाताप गर्न को लागी हामीलाइ परमेश्वर को सत्य को ज्ञान चाहिन्छ । परमेश्वर को सत्य यो हो की बिना धार्मिकता परमेश्वर को पास जान सक्दैन । हामी आफै धार्मिक बन्न सक्दैनौ । येशु को रगत मा बिश्वास गरेर उहाँ ले हाम्रो पाप को दण्ड भोग्नु भयो र उहाँ मा मात्र पाप को उद्धार छ भनेर आफ्नो पाप को पस्चाताप गरेर येशु मा हाम्रो धार्मिकता छ भनेर बिश्वास राख्नु नै असल पस्चताप हो यो सत्य बाट मात्र हाम्रो स्वतन्त्रता हुन्छ । क्रिष्टमस को सत्य क्रिष्टमस तिहार होइन । क्रिष्टमस त्यो सत्य हो यदि उहाँ यस संसारमा नजन्मेको भए हाम्रो पाप को उद्धार हुने थिएन । र हामी ले कहिले पनि पाप बाट स्वतन्त्रता पाउने थिएनौ र यदि पाप बाट स्वतन्त्रता छैन भने हामी परमेश्वर संग कहिले पनि भेट्न सक्ने थिएनौ अर्थात सदा को लागी नरक को भागिदार हुने थियौ । यो हो क्रिष्टमस को सत्य । पापी ले सोच्छ मेरो पाप ले मलाइ नरक पुराउछ । र धर्मि ले सोच्छ मेरो धार्मिक काम ले मलाइ श्वर्ग पुराउछ तर परमेश्वर भन्नुहुन्छ पस्चाताप गर दुबैले तिमीहरु को मृत्यु को काम देखी मेरो छोरा येशु को काम बाट मात्र तिमीहरु धार्मिक बन्न सक्छौ ।

प्रेरीत २:३७ [37]जब मानिसहरूले त्यो सुने तिनीहरू अत्यन्तै दुःखीत भए। तिनीहरूले पत्रुस र अन्य प्रेरितहरूलाई सोधे, "हे भाइहरू हो, हामीले के गर्नु पर्छ?"
[38]पत्रुसले तिनीहरूलाई भने, "तिमीहरूका हृदयहरू अनि जीवनहरू परिवर्तन गर, तब तिमीहरू प्रत्येक येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेओ। तब परमेश्वरले तिमीहरूका पापहरूलाई क्षमा गरिदिनु हुनेछ र तिमीहरूले पवित्र-आत्माको उपहार पाउनछौ।
प्रेरीत १६:३०-३१ [30]त्यसपछि तिनीहरूलाई बाहिर निकाल्यो अनि भन्यो, "महोदयहरू! मुक्ति पाउनलाई मैले के गर्नु पर्ला?"
[31]तिनीहरूले उसलाई भने, "प्रभु येशूमा विश्वास गर तब तिमी र तिम्रो घरका मानिसहरूले मुक्ति पाउनेछन्।"

मानिसहरु ले पत्रुसलाइ सोधे हामीहरु ले उद्धार पाउन को लागी के गर्नु पर्छ ? अनि पत्रुस ले भने पाप को पस्चाताप गर र येशु मा बिश्वास राख र बप्तिस्मा लेओ । त्यस पछि पबित्र आत्मा को बरदान पाउछौ । यो हो उद्धार । जब हाम्रो भेट सत्य संग हुदा खेरी हाम्रो न्याय हुन्छ । जब हाम्रो जीवनमा सत्य आउछ पबित्र आत्मा हामीलाइ हाम्रो पाप देखाउनुहुन्छ ।हामी ले आफैलाइ न्याय गर्छौ र भन्छौ सत्य त यो हो मैले गरेको काम त यो सत्य को बिपरीत हो । र मैले परमेश्वर को बिरुद्धमा पाप गरे भन्ने कुरा हामी लाइ सत्य थाहाँ हुदा देखाउछ । र हामी डर्छौ तर परमेश्वर को प्रेम ले हामी लाइ यो सत्य को डर बाट स्वतन्त्र दिन्छ ।

रोमी ६:२३ [23]जब मानिसहरूले पाप गर्दछन्, तिनीहरूले पापको ज्याला कमाउँछन् जो चाँहि मृत्यु हो। तर परमेश्वरले आफ्ना मानिसहरूलाई मूल्य रहित उपहार दिनु हुन्छ जुन हाम्रा ख्रीष्ट येशू प्रभुमा अनन्त जीवन हो।

पाप को ज्याला मृत्यु हो । यो सत्य थाहाँ पाउदा डर आउछ । तर परमेश्वर को प्रेम को कारण उहाँ ले आफ्नो एक मात्र पुत्र लाइ उपहार को रुपमा पठाउनु भयो कि हामी ले त्यो मृत्यु लाइ जितेर अनन्त जीवन पाउन को लागी । परमेश्वर को प्रेम ले गर्दा मृत्यु को डर रहेन । पस्चाताप भनेको मैले आफैलाइ न्याय गर्नु हो र जब हामी आफैलाइ न्याय गर्छौ श्वर्ग को परमेश्वर भन्नुहुन्छ तिमी ले मेरो सत्य मान्यौ र मेरो छोरा माथि बिश्वास गर्यौ भने तिम्रो सबै पाप मेरो छोरा माथि र मेरो धार्मिकता तिमी माथि । किनभने न्याय को प्रतिफल धार्मिकता हो । हाम्रो जीवनमा धार्मिकता आउदा आउदै नै हामीले स्वतन्त्रता पाउछौ । त्यस पछि मृत्यु र न्याय को डर हुदैन । हामी ले केहि नगरीकन हामीलाइ परमेश्वर ले धार्मिक बनाउनु हुन्छ र हाम्रो जीवनमा स्वतन्त्रता आउछ र स्वतन्त्रता ले हाम्रो जीवनमा शान्ति र आनन्द ल्याउछ । हाम्रो जीवनमा आनन्द आउछ त्यसको मतलब परमेश्वर को राज्य हाम्रो जीवन मा प्रवेस गर्छ ।

एफिसी ४:१५ [15]तर, हामी प्रेमपूर्वक सत्य बोल्छौं। तर हामी हर तरहले ख्रीष्ट जस्तै नहुञ्जे बडिरहनेछौं। ख्रीष्ट शिर हुनुहुन्छ र हामी शरीरको प्रत्येक अंग एक-अर्कामा जोडिएकोछ र शरीरको जोडनीले एक गरेको छ। प्रत्येक अंगले आ-आफ्नै काम गर्छ। अनि यसैले सम्पूर्ण शरीर विकास गर्छ र प्रेममा दृढ हुन्छ।

सत्य पनि हामी ले प्रेम संग बोल्नु पर्छ । अब बचनमा सत्य संग प्रेम जोडेको छ । यदि हामी परमेश्वर लाइ प्रेम गर्छौ भने हामी सत्य बोल्छौ । मेरो उद्धार प्रेम को कारण ले होइन सत्य को कारण ले हो । हामीले सत्यमा बिश्वास गरेको कारण ले उद्धार पाएको हो । सत्यमा बिश्वास गरेको ले उद्धार पायौ र प्रेम ले मलाइ सुरक्षीत बनायो ।

याकुब १:१८ [18]सत्यको वचनबाट परमेश्वरले हामीलाई उहाँको बालक बनाउने निर्णय लिनु भयो। उहाँले सृजना गरेको वस्तुहरू मध्ये हामीलाई सब भन्दा महत्वपूर्ण बनाउनु इच्छा गर्नुभयो।

हामीलाइ सत्य को बचन द्धारा परमेश्वर ले जन्म दिनुभयो । हाम्रो नयाँ जन्म सत्य को बचन द्धारा भयो । हामीलाइ परमेश्वर ले उहा को सत्य बचन द्धारा हामीलाइ सिकाउनु भयो कि हामी पापी छौ र हामीले हाम्रो पाप बाट पस्चाताप गरेर हाम्रो पाप को निम्ति पाप बनेर बलि भएको येशुलाइ बिश्वास गरेमा हाम्रो उद्धार हुनेछ । हाम्रो उद्धार यो सत्य बचन अनुसार गरेको कारण ले हो ।

१ पत्रुस १:२२ [22]अहिले, तिमीहरुले साँचो भातृप्रेम देखाऊ सत्यको पालन गरेर स्वयंलाई शुद्ध तुल्याएका छौ। यसर्थ एक-अर्कामा पूर्ण हृदयबाट गहिरो प्रेम गर।
[23]तिमीहरु फेरि जन्मेका छौ। यो नयाँ जीवन नष्टमय वस्तुबाट आएको होइन तर यो जीवन नष्ट नहुने वस्तुबाट आएको छ। तिमीहरु सर्वदा रहिरहने परमेश्वरको अन्त नहुने सजीव सन्देशद्वारा जन्माइएका हौ।

एउटा ब्यक्ति को जीवन मा आत्मा मा उसको कहिले जन्म हुन्छ हामीलाइ थाहाँ हुदैन । यो एउटा रहस्य हो । हामी प्रेम मा सत्य को यो कुरा भनिरहनु पर्छ । एक दिन उसको उद्धार हुन्छ । धेरै जना मण्डली मा लगातार आउने मान्छे उनीहरु ले उद्धार पाएका हुदैनन् । परमेश्वर को बचन सुनेको छ ।परमेश्वर को बचन को ज्ञान छ । भजन गाउन सिकेको छ प्रार्थना गर्न पनि सिकेको छ । पुरानो नियम का मान्छेहरु ले पनि यि सबै कुरा गर्न जानेका थिए र गर्दथे र पनि उनीहरु को उद्धार भएको थिएन । उद्धार पाएको ब्यक्ति बदल्छ कारण पबित्र आत्मा को बचन को बिउ ले उसको जन्म भयो । यसरी जन्मे को मान्छे को तरीका नै बदल्न शुरु हुन्छ । सानो नानीहरु संग हामी केहि माग्दैनौ खोज्दैनौ खाली हामी उनीहरुलाइ माया गर्छौ तर जब उ थोरै ठुलो हुन्छ तब हामी उस लाइ भन्छौ यदि तिमी पनि मलाइ माया गर्छौ भने आफ्नो कोठा साफ गर । आफै नुहाउन भन्छौ आदि कुराहरु गर्न लगाउछौ । त्यसरी नै भरखर परमेश्वर मा जन्मेको मान्छे बालक समान हुन्छ त्यसलाइ परमेश्वर ले माया मात्र गर्नुहुन्छ र भन्नुहुन्छ म तिमीलाइ माया गर्छु जस्तै उ बिस्तारै बिस्तारै परमेश्वरमा बढ्दै जान्छ तब त्यसलाइ परमेश्वर ले भन्नुहुन्छ यदि तिमी मलाइ माया गर्छौ भने मेरो लागी यो गर । परमेश्वर धार्मिकतालाइ प्रेम गर्नु हुन्छ । त्यो परमेश्वरलाइ मन पर्ने धार्मिकतामा चल्न को लागी हामीलाइ सत्य चाहिन्छ ।

युहन्ना १७:१७ [17]तपाईंको सत्यद्वारा तिनीहरूलाई आफ्नो सेवामा राख्न तयार पार्नुहोस्। तपाईंको वचन सत्य हो ।

परमेश्वर को बचन सत्य हो । यहि सत्य बचन ले हामीलाइ धार्मिक बनाउछ । सत्य भनेको चिज होइन सत्य भनेको ब्यक्ति हो त्यसैले येशु ले भन्नुभयो म हु सत्य । धेरै जना लाइ परमेश्वर को बचन को ज्ञान मात्र छ तर उहा को बचन को सत्य लाइ अनुभब गरेको छैन । सत्य छैन भने धार्मिकतामा अगाडि बढ्न सक्दैन । परमेश्वर ले धार्मिकता लाइ प्रेम गर्नुहुन्छ । सत्य परमेश्वर को ज्ञान हो ।

फिलिप्पी १:९ [9]तिमीहरूका निम्ति मेरो यही प्रार्थना छ किःबुद्धि र विवेक तिमीहरूको प्रेमसितै निरन्तर बडदै जाओस्।

हामीलाइ सत्य जान्न को लागी बुद्धि र बिबेक दुबै चाहिन्छ । क्रिष्टमस को सत्य भन्यो भने कति ख्रीष्टियन लाइ मन पर्छ । क्रिष्टमस मा हामी ले गर्ने ९५ % चिज नै क्रिष्टमस मा छैन । क्रिष्टमस ट्रि छैन । सान्टाक्रस मा छैन । अगमबक्ताहरु प्रेरीत को पुस्तक मा येशु को मृत्यु पछि लगभग ३० देखी ४० शाल सम्म रहे होलान तर यत्रो शालमा प्रेरीतहरु ले एक चोटि पनि क्रिष्टमस मनाएनन् भने हामी ले किन क्रिष्टमस मनाउने । अगमबक्ताहरु नमनाएको तिहार हामी ले किन मनाएको ? । हामी अगमबक्ताहरु भन्दा ठुलौ भयौ ? मनाउनु हुदैन भनेको होइन । तर सत्य को अनुसार मनाउनु पर्छ । सान्टा क्रस बचनमा छैन तर अहिले को क्रिष्टमस मा त यएरपोर्ट देखि लिएर हर जगामा सपिङ कम्प्लेक्स मा हर जगा येशु को जन्म दिबस मा येशु काहि हुनुहुन्न येशु को जगामा एउटा बुढो लाइ राखेको हुन्छ । सान्टाक्रस मेरो लागी मरेन । ट्रि लगायो , लाइट लगायो गिफ्ट राख्यो येशु जन्मदा खेरी के गिफ्ट पायो । ज्यातिषिहरु पछि आए जन्मदा खेरी गोठालो मात्र आए । गोठालाहरु ले केहि दिएनन् । कसैले पनि केहि दिएनन् ४० दिन पछि मरियम मन्दिर मा जादाँ परेवा लाइ बलिदान चढाउन को लागी गइन् । यदि उनीहरु लाइ गिफ्ट आएको भए परेवा होइन बाखा अथवा अरु नै चिज लिएर जीन्थिन् होला । तर येशु भन्नु हुन्छ मलाइ गिफ्ट केहि पनि चाहिदैन के तिमी मलाइ प्रेम गर्छौ ? जन्म दिन येशु को येशु ले केहि पाउनु हुदैन सबै जना येशु को नाम मा गिफ्टः आदान प्रदान गर्छन् । यो त मेरो जन्म दिबस मा सबै जना आएर एक अर्कालाइ गिफ्ट दिदैछन् । अनि मलाइ केहि दिदैनन् अनि भन्छन् मेरो जन्म दिबस मनाएको भन्दा त अचम्म भएर सबै हास्छन् । त्यस्तै गरी येशु को जन्म दिबस मनाउछन् तर आफु रमाउछन् । हामी ले मनाएको क्रिष्टमस सत्य को अनुसार हो? परमेश्वर ले धार्मीकता लाइ प्रेम गर्नु हुन्छ । के यो क्रिष्टमस ले हाम्रो जीवनमा धार्मीकता आउछ ? परमेश्वर को बचन सत्य हो र जीवन हो । भने हाम्रो मण्डली सत्य को जग हुनुपर्छ तर यो क्रिष्टमस मनाउने तरीका बचनमा त यस्तो लेखेको छैन । काहाँ बाट यो लिएर आएर क्रिष्टमस मनाउदै छन् । अगमबक्ताहरु लाइ नाच्नु परेन , ड्रामा परेन केहि परेन बचन सुनेर परमेश्वर मा अगाडि बढेका हुन् । आजकल गित गायो , नाच्यो उद्धार कसैको पनि हुदैन । बचन को सत्यताको अनुसार हामी हिडेको छैन । क्रिष्टमस को छुट्टि पाएको छ त्यो दिन येशु को सत्यता को प्रचार गर्नु पर्छ । दुनियामा जति पनि ब्यक्ति जीउन को लागी आए तर येशु मात्र त्यस्तो नानी हुनुहुन्छ जो जीउन को लागी होइन हामीलाइ जीवन दिएर आफु मर्न को लागी आउनु भएको हो । यो सत्य बोल्नुपर्छ । यो सत्य बोल्दा पबित्र आत्मा को सामर्थ आउछ र त्यहाा मानिसहरु ले परमेशवर को प्रेम को सत्यलाइ बुझेर येशुमा आउनेछन् र उद्धार पाउनेछन् । क्रिष्टमस सत्य भनेको येशु को प्रेम मानिसहरु मा बाट्नु हो । यस्तो प्रेम गर्ने ब्यक्ति आज सम्म कोहि यस धर्ति

मा जन्मेको छैन जो हामीलाइ हाम्रो पाप बाट बचाउन हामी मृत्यु मा बसेका हरुलाइ जीवन दिन हामी ले पाउनु पर्ने मृत्यु को दण्ड आफै ले लिएर मृत्यु भोग्नु भयो । बलि को बोका भएर जन्मनु भयो त्यो आप्नो पाप को लागी होइन हामी ले गरेको पाप को लागी । यो हो असल क्रिष्टमस । परमेश्वर लाइ धार्मिकता मन पर्छ त्यसैले धार्मिकतामा अगाडि बढ्न को लागी सत्यमा चल्न पर्छ र सत्यमा चल्न को लागी परमेश्वर को बचन को ज्ञानमा र बिबेकमा चल्न आबस्यक छ । यो सबै कुरा महिमा को आशा संग जोडेको छ उद्धार संग होइन । हाम्रो नानी जन्मदा खेरी हामी ले नानीलाइ अति नै प्रेम गर्‍यौ । त्यो नानी ठुलो भएर ठुलो भएर २० शाल को भयो । २५ शाल को भयो अब कत्ति ज्ञान छ त्यो प्रेम मा । मेरो एउटा नानी मात्र ४५ दिनमा मर्‍यो । त्यो नानी को बारेमा मेरो ज्ञान मात्र ४५ दिन को हो मलाइ त्यो नानी को बारेमा मात्र यति थाहा छ उ दिन राँत सुत्दैनथ्यो रोइरहन्थ्यो र म पनि उ संगै रात भर सुत्दैन थे बोकेर बोकेर बस्थे । त्यो नानी पनि मेरै हो तर त्यस नानी को बारेमा मेरो ज्ञान धेरै नै कम छ तर अरु नानीहरु फरक छनर किनभने उनीहरु बढेर बढेर ठुलो भएको कारण उनीहरु को बरेमा मेरो ज्ञान धेरै छ । १ शाल मा कस्तो थियो । २ शालमा कस्तो थियो पहिलो चोटि स्कुल जदा के भयो यस्तै गरी पुरा थाहा भएको कारण प्रेम पनि त्यसरी नै यो नानी हरु प्रति बढ्दै गयो । त्यसरी नै परमेश्वर को राज्य को बारेमा हामी लाइ सुरुमा येशु ले क्रुस मा पाप लागी मर्नु भयो त्यति मात्र ज्ञान हुन्छ । जब हामी परमेश्वर मा बढ्दै जादाँ उहाँ ज्ञानमा हामी दिन प्रतिदिन बढ्दै जान्छौ । र जति जति उहाँ को ज्ञानमा बढ्दै जान्छौ त्यति नै हामी उहाँ को प्रेम मा बढ्दै जान्छौ । ज्ञान ले प्रेम लिएर आउछ । पावल र सिलास जेलमा मार पिट खादाँ पनि समस्या छैन किनभने उनीहरु परमेश्वर को ज्ञान मा र प्रेम मा बढेका थिए । त्यसकारण ले गर्दा जति हामी परमेश्वर को ज्ञानमा बढ्छौ त्यति हामीले परमेश्वर लाइ चिन्छौ र त्यति उहाँ को प्रेम मा बढ्छौ किनभने त्यस्तो प्रेम ले भरिएको संसार मा संसार को मुनि र माथि काहि पनि छैन । जुन दिन हामी ले परमेश्वर लाइ नजिक बाट चिन्छौ त्यो दिन हामी परमेश्वर लाइ प्रेम गर्ने ब्यक्ति हुन्छौ । प्रस्न यो हो कि के हामी परमेश्वरलाइ साच्चै नै प्रेम गर्छौ ? यदि प्रेम गर्छौ भने हामी ले उहाँ लाइ मन पर्ने कुरा मात्र गर्छौ । उहाँ को आज्ञाहरु पालन गर्छौ । सोलोमन ले श्रेष्ट गितमा यसरी भन्छन् । प्रेम मृत्यु जस्तै बलियो हुन्छ । तर नया नियम मा आएर येशु भन्नुहुन्छ प्रेम मृत्यु भन्दा पनि शक्तिशाली हुन्छ । परमेश्वर ले मेरो आज्ञा पालन गर भन्नुभएन उहाँ ले भन्नुभयो जसले मलाइ प्रेम गर्छ उसले मेरो आज्ञा पालन गर्छ भन्नुभयो । जसले परमेश्वर को धार्मिकतालाइ खोज्छ उसले उहाँ को आज्ञाहरु खोज्छ र पालन गर्छ । मेरो दिदी को एउटा मात्र छोरा छ उसले बिदेशी केटि लाइ बिवाह गर्‍यो । तर उसलाइ केरला को खाना बनाउन आउदैन थियो उनले आफ्नो श्रीमान लाइ पेम गरेको कारण हर दिन मेरो दिदी लाइ फोन गरेर सबै केरेलिएन डिस बनाउन सिकिन् । इण्डिएन खाना कहिलै नबनाएको मान्छेले प्रेम को कारण सिक्यो भने यो सबै प्रेम को कारण ले सम्भव भएको हो । त्यसैले यदि हामी परमेश्वर लाइ प्रेम गर्छौ भने हामी पनि उहाँ को बारेमा खोज्न थाल्छौ उहाा को बचनमा । अनि हामी ले थाहा पाउछौ ओ उहाँ लाइ त धार्मिकता मन पर्ने रहेछ । अरे उहाँ लाइ न्याय मन पर्ने रहेछ । अनि हामी उहाँ का आज्ञाहरु खोजेर खोजेर हामी परमेश्वर मा परिपक्वतामा हामी पुग्छौ । हामीलाइ उहा को आज्ञाहरु भार लाग्दैन सजिलो लाग्न थाल्छ ।

उत्पत्ति ३१:४०-४१ [40]दिउँसोको घामले मेरो शक्ति नष्ट गर्यो अनि रातको चिसोले निद्रा लग्यो।
[41]बीस वर्षसम्म कमारा झैं तिम्रो सेवा गरें। पहिलो चौध वर्ष तिम्री दुइवटी छोरीहरूको निम्ति अनि पछिको छ वर्ष तिम्रो वस्तुहरू पाउनको निम्ति खटें। अनि त्यस समयमा तिमीले मेरो ज्याला दश पल्ट हेरफेर गर्यौ।

एक छारी को लागी १४ शाल बिना तलब याकुब ले काम गरे । त्यो पनि घाम ले शक्ति नष्ट गर्‍यो । रात को चिसो ले निन्द्रा लाग्यो ।

उत्पत्ति २९:२० [20]याकूबले सात वर्षसम्म लाबानको सेवा गर्यो तर उनले राहेललाई अत्यन्तै माया गरेकोले सात वर्ष समय बिताउन केही गाह्रो परेन।

याकुब ले राहेललाई यति प्रेम गर्थे कि सात बर्ष बिताउन उनलाइ गाह्रो परेन ।

२कोरिन्थी ४:१७ [17]यस घरी केही समयको निम्ति साना साना समस्याहरू सामान गर्दैछौं। तर ती समस्याहरूबाट हामीले अनन्त महिमा पाउने सहायता पाइरेहकाछौं त्यो अनन्त महिमा समस्याहरू भन्दा धेरै महान छ।

त्यस्तो मार पिट खाएको मान्छे ले यहाँ भन्दैछ सानो समस्या किन उसले यो समस्या लाइ सानो भन्यो किनकी उसलाइ थाहाँ छ कि अनन्त को महिमा उसले पाउदै छ । यो अनन्त को महिमा स्वयम येशु हुनुहुन्छ । जुन येशु उसलाइ थाहा छ उ संग यति बढ्नु भएको छ कि भारी भएको छ । कोरिन्थी को चिठी मा एउटा लिस्ट दिएको छ । उसले कति पिटाइ खायो कति दुख उठायो र पनि उसको लागी त्यो सब एकदमै हल्का र सानो भएको छ । यत्रो दुख भोग्दा पनि उसले सजिलो अनुभव गर्‍यो किनकी उसले येशुलाइ अतिनै प्रेम गर्थे । येशु ले उ माथि गरेको प्रेम को कारण ले दुख भोग्न सजिलो भएको होइन । तर उसले परमेश्वर माथि गरेको प्रेम को कारण ले गर्दा उसलाइ सजिलो भएको हो । यसरी नै हामी पनि परमेश्वर लाइ प्रेम गर्दैनौ भने हामीलाइ हर सानो कुरा परमेश्वर को लागी गर्नु पर्‍यो भने हामीलाइ गाह्रो लाग्छ । चाहे मान्छे को लागी गर्छौ या परमेश्वर को लागी त्यहाँ हाम्रो प्रेम हुन जरुरी छ । नत्र भने हामी थाक्छौ ।

रोमी ५:५ [5]अनि यस आशाले हामीलाई कहिल्यै निराशा बनाउँदैन। किनभने परमेश्वरले आफ्नो प्रेमको बर्षाले हाम्रा हृदयहरू परिपूर्ण पारिदिनु भयो। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो प्रेम दिनुभो। त्यो पवित्र आत्मा परमेश्वरबाट हामीलाई उपहार हो।

जब दिन मा १ बजे प्रार्थना को लागी जादा त्यहाँ श्वर्ग बाट तन्ना जस्तो मा बिभिन्न किसिम का जानवर हरु आएर बसे । परमेश्वर ले भन्नुभयो । उठ् र तिनीहरुलाइ काट र खाँ भन्नुभयो । पत्रुस ले भने मैले कहिलै खाएको छैन म कसरी खाउ ? यहा खाने कुरा भनेको होइन यहाँ उद्धार को कुरा भनेको हो । एउटा मण्डली भनेको आफ्नो परिवार जस्तो होइन आफ्नो परिवारमा एक दुइ नानीलाइ प्रेम गर्न सजिलो हुन्छ । तर मण्डली भनेको परिवार हो तर त्यहाँ बिभिन्न किसिम का मान्छे हरु आउछन् । पढेको नपढेको गरीब धनी बिभिन्न भाषा बोल्ने अलग अलग जाती हरु गनाउने सेन्ट लगाउने सबै को बारेमा छन् । पत्रुस ले भने सक्दिन तर येशु ले भन्नुभयो खाउ मतलब सक्छौ । पबित्र आत्मा को बरदानमा तिमी सक्छौ । हामी ले येशु को बारेमा सोच्नु पर्छ येशु यस संसारमा आउनु अगाडि उहाँ को हुनुहुन्थ्यो ? श्वर्ग को महिमा कस्तो छ हामीलाइ थाहाँ छैन

श्वर्ग को महिमा त्यागेर यस संसारमा शरीर धारी भएर गरीब को कोख बाट जन्मनु भयो। उहाँ धार्मिक र पबित्र र मान्छेहरु सबै पापी र अपबित्र। दिन भरी हिडेर गएर कुवामा गएर एउटा सामरी स्त्री लाइ पर्खेर पर्खेर उ संग सत्य प्रेम द्वारा भन्नुभयो। पुरानो नियम होस् या नयाँ नियम दुइ वटा आज्ञा परमेश्वर ले दिनुभयो परमेश्वरलाइ प्रेम गर्नु र आफ्नो छिमेकी लाइ आफुलाइ भ्कै प्रेम गर्नु। त्यो प्रेम हामी संग छैन। उद्धार पाए पछि परमेश्वर ले हाम्रो आत्मा मा आत्मा द्वारा त्यो प्रेम दिएको छ। त्यो प्रेममा बढ्न को लागि हामिलाइ ज्ञान र परमेश्वर को सत्य चाहिन्छ। परमेश्वर भन्नुहुन्छ सत्य प्रेम सित भन्नुपर्छ।प्रेम निकाल्यो भने सत्य त १० आज्ञा जस्तो लाग्छ। त्यो बोलेर काम छैन मान्छे को उद्धार हुदैन प्रेम को साथ बोल्नु पर्छ प्रेम छैन भने नबोले कै राम्रो। परमेश्वर लाइ हामी प्रेम गर्दैनौ भने परमेश्वर को सत्यता को बारेमा नबोले कै राम्रो। पत्रुसलाइ मिनिस्ट्रीमा बोलाउदा एउटा प्रस्न येशु ले सोध्नुभयो पत्रुस के तिमी मलाइ प्रेम गर्छौ ? परमेश्वर ले यो भन्नुभएन म तिमीलाइ प्रेम गर्छु। मिनिस्ट्र को लागी एउटा मात्र सर्त (कन्डिसन) छ परमेश्वर भन्नुहुन्छ के तिमी मलाइ प्रेम गर्छौ ? उद्धार को लागी परमेश्वर भन्नुहुन्छ म तिमीलाइ प्रेम गर्छु । फेरी परमेश्वर भन्नुहुन्छ यदि तिमी मलाइ प्रेम गर्छौ भने मेरो भेडालाइ चराउ र मेरो भेडालाइ खुवाउ। पावल ले भन्छन् यो सुसमाचार लिएर म बोल्नै पर्छ। किनभने परमेश्वर को प्रेमले मलाइ तानेको छ।

२कोरिन्थी ५:१४ [14]ख्रीष्टको प्रेमले हामीलाई वशमा राख्दछ। किनभने हामी जान्दछौं हामी सबैको लागि ख्रीष्टले मृत्युलाई सहनु भयो।

ख्रिष्टको प्रेमले हामीलाइ बाध्य गराउछ। पहिला कुरा हामीलाइ थाहाँ छ परमेश्वरले हामीलाइ प्रेम गर्नुहुन्छ। जब हामी कुशलाइ हेर्छौ त हामीलाइ थाहाँ हुन्छ। यदि हामी पनि परमेश्वरलाइ प्रेम गर्छौ भने उहाँका आज्ञाहरु पालन गर्छौ। र उहाका ज्ञानमा हामी अगाडि बढ्छौ। परमेश्वरको आज्ञा के हो ? हामीलाइ काहाँ पठाउनु हुन्छ के गराउनुहुन्छ। हामीलाइ थाहाँ छैन तर परमेश्वर हामीलाइ सोध्नुहुन्छ के तिमी मलाइ प्रेम गर्छौ ? प्रेम गर्छौ भने चाहे तिमीलाइ मन परोस् या नपरोस् मेरो आज्ञा पालन गर। यदि हामी परमेश्वरलाइ प्रेम गर्छौ भने उहाँ को सत्यलाइ पनि प्रेम गर्छौ। सत्यमा न्याय हुन्छ र न्याय मा धार्मिकता हुन्छ र धार्मिकतामा स्वतन्त्र हुन्छ र स्वतन्त्रतामा आनन्द र शान्ति हुन्छ। किनभने परमेश्वर प्रेम हुनुहुन्छ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद धन्यबाद प्रभु तपाइको प्रेममा, तपाइको ज्ञानमा , तपाइको न्यायमा ,तपाइको धार्मिकतामा, स्वतन्त्रतामा , शान्तिमा , आनन्दमा सबैमा अगाडि बढ्नको लागी अनुग्रह गर्नुहोस् प्रभु किनभने तपाइलाइ यो सब मन पर्छ प्रभु। फिलिप्पीको चिठीमा पावल भ्यालखानामा हुदाखेरी आनन्दमा भरिएका थिए। परमेश्वर हजुरले हामीलाइ एउटा बाटो देखाउनु भएको छ। त्यो हो सत्यको बाटो , धार्मिकताको बाटो , स्वतन्त्रताको बाटो , आनन्दको , शान्तिको बाटो त्यसमा हामी दिनरात हिड्नको लागी हामीलाइ हज*
*ुरले बोलाउनु भएको छ। त्यसमा हिड्नको लागी पबित्र आत्मा हामीलाइ सहाएता गर्नुहोस्। हामी संसारको प्रेममा होइन परमेश्वरको प्रेममा अगाडि बढ्न हामीलाइ पबित्र आत्मा अनुग्रह गर्नुहोस्। आशिष दिनुस् येशुमशिह को नाममा आमेन।*